# नेपाल राजपत्र

## भाग ४

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**खण्ड २९] काठमाडौं, मंसीर २६ गते २०३६ साल [अतिरिक्ताङ्क ४८**

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले मिति २०३६।८।२३ को निर्णयानुसार देहायबमोजिमको नेपाल कानून सुधार आयोग गठन गरेको छः–

१. आयोगको गठनविधि : (१) आयोगमा निम्नलिखित व्यक्तिहरू रहनेछन्:–

| | | |
|---|---|---|
| (क) | माननीय न्यायाधीश, श्री विश्वनाथ उपाध्याय, सर्वोच्च अदालत– | अध्यक्ष |
| (ख) | महान्यायाधिवक्ता– | सदस्य |
| (ग) | श्री नीरकुमार क्षेत्री, सदस्य, न्यायिक समिति– | सदस्य |
| (घ) | सचिव, कानून तथा न्याय मन्त्रालय– | सदस्य-सचिव |
| (ङ) | श्री धीरेन्द्रबहादुर बिष्ट– | सह-सदस्य |
| (च) | श्री मृगेन्द्रबहादुर प्रधानाङ्ग– | सह-सदस्य |
| (छ) | श्री वेदव्यास क्षेत्री– | सह-सदस्य |
| (ज) | श्री शमशेरराज वन्त– | सह-सदस्य |

(२) आयोगको बैठकमा छलफल गरिने विषयमा आयोगले उपयुक्त देखेको कुनै पनि व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४७५

ख. आयोगको काम कर्तव्य : आयोगको काम कर्तव्य देहायबमोजिम हुनेछ:–

(१) हाम्रो देशको कानून प्रणाली प्रारम्भदेखि हिन्दू न्याय शास्त्रमा आधारित भई आएको भए तापनि बदलिंदो समय र परिस्थितिले गर्दा विदेशी कानून प्रणालीको प्रभाव प्रत्यक्ष वा अप्रत्यक्ष तवरले पर्दै गएको हुँदा हाम्रो कानून प्रणाली कस्तो हुनु पर्दछ र सुहाउँदछ र त्यस्तो प्रणाली कायम गरिनको लागि के कस्तो प्रयास हुनु पर्दछ, त्यसमा व्यवस्थापिका, न्यायपालिका र कानून शिक्षा दिने संस्थाले पनि कस्तो भूमिका ग्रहण गर्नु पर्दछ भन्ने सम्बन्धमा विचार गर्ने र तत्सम्बन्धी नीतिहरू तयार गर्ने,

(२) अपराध संहिता र अपराध कार्यविधि संहिताको मसौदामा प्राप्त भएका सल्लाह सुझावहरूको अध्ययन गरी त्यसलाई कार्यान्वयन गराउन मिलाउनु पर्ने भनी ठहर गरिएका कुराहरूलाई मसौदामा मिलाई अद्यावधिक गर्ने,

(३) सो मसौदाहरूलाई लागू गर्नको लागि चाहिने हद म्यादसम्बन्धी कानूनको मसौदा गरी पेश गर्ने,

(४) उपरोक्त कानूनहरूको मसौदाको स्थिति अनुसार मुलुकी ऐनका बाँकी व्यवस्थामा हुनु पर्ने संशोधनको मसौदा तयार गर्ने,

(५) अपराध संहिता र अपराध कार्यविधि संहिताको र हद म्याद कानूनको मसौदाहरूलाई सरलताको दृष्टिकोणले मुलुकी ऐनको स्वरूपभित्र समावेश हुन सक्ने गरी मसौदा तयार गर्ने,

(६) वाणिज्यसम्बन्धी कानूनको सम्बन्धमा भइरहेको अभाव त्रुटीहरू हटाई व्यवहारिक ऐनको मसौदा तयार गर्ने सन्दर्भमा कानून तथा न्याय मन्त्रालयमा रहेको मध्यस्थता-सम्बन्धी ऐनको मसौदाउपर विचार गरी त्यसलाई अन्तिम रूप दिने,

(७) अपराध कार्यविधि संहिता लागू हुँदा देवानी कार्यविधि संहिता पनि साथै लागू हुन वाञ्छनीय हुने भनी साविकको कानून आयोगले सिफारिश गरेको हुँदा देवानी संहिता र देवानी कार्यविधि संहिताको पनि मसौदा तयार गर्ने,

(८) अहिलेसम्म प्रचलित कानूनमा रहेका दण्ड सजायसम्बन्धी व्यवस्थाहरूमा अपराध वा कसूरको मात्राको अनुपातमा के कति दण्ड सजाय तोकिन आवश्यक छ, दण्ड सजायको न्यूनतम हद रहनु उपयुक्त हो होइन, सजायको सुधारात्मक, अवरोधात्मक र प्रतिकारात्मक सिद्धान्त के कस्तो हुनु वाञ्छनीय हुन्छ र सो अनुसार कैद गर्नु पर्ने नपर्ने, जरीवाना गर्नु पर्ने नपर्ने वा दुवै प्रकारको बाध्यात्मक वा विकल्पयुक्त सजाय हुन वाञ्छनीय हुने नहुने, दण्ड सजायको आदेश निलम्बन गरी स्वभाव सुधार गर्ने मौका दिई सुध्रिएको देखिएमा दण्ड माफी दिने इत्यादि विषयमा विश्लेषण गरी एउटा दण्ड सजायसम्बन्धी नीति तयार पार्ने,

४६०

(९) प्रशासकीय काम कारवाईबाट अथवा कुनै व्यक्तिको लापरवाहीबाट वा दण्डनीय अवचारबाट कसैको क्षति वा हानी नोक्सानी वा आघात भएमा त्यस्तालाई हर्जाना क्षतिपूर्ति दिलाउने सम्बन्धमा के कस्तो कानूनी व्यवस्था युक्ति संगत हुनेछ सो सम्बन्धमा विचार गरी सिफारिश गर्ने,

(१०) अदालतहरूको फैसला, आदेशहरूबाट कायम भएको कानूनी नजीरबाट सिद्धान्तहरूको अवलोकन गरी त्यसको आधारमा कुनै स्पष्ट कानूनी व्यवस्था हुनु वाञ्छनीय लागेमा त्यस्तो व्यवस्थाको सिफारिश गर्ने,

(११) अदालती कार्यविधिहरूमा तथा त्यस्मा आधारित भएका कारवाई तथा कार्यपद्धति एवं विभिन्न घरायसी तथा कानूनी लिखतका ढाँचाहरूमा, फैसला आदेशहरूको गुणस्तरको सम्बन्धमा विश्लेषण तथा विचार विमर्श गरी त्यसमा आवश्यक देखिएका सुधारको सम्बन्धमा सिफारिश गर्ने,

(१२) अन्य प्रचलित कानूनमा संशोधनको निमित्त वा कुनै विषयमा नयाँ कानून बनाउन सम्बन्धित मन्त्रालयबाट कानून मन्त्रालयमा अनुरोध भई आएकोमा त्यस सम्बन्धमा कानून मन्त्रालयबाट अनुरोध भएमा वा कानून मन्त्रालयबाट विचार भई तयार गरिएको कुनै ऐनको मसौदाउपर अध्ययन गरी सैद्धान्तिक एकरूपता तथा त्यस्ता कुराहरू मिलाउने सम्बन्धमा आवश्यक सरसल्लाह दिने,

(१३) कानून सुधारको निमित्त समय समयमा श्री ५ को सरकारबाट माग गरिएको कुरामा परामर्श पेश गर्ने,

(१४) आयोगले समय समयमा आफ्नो कार्यप्रगतिको सम्बन्धमा श्री ५ को सरकारले माग गरेको अवधिको आवधिक प्रतिवेदन पेश गर्ने।

ग. आयोगको कार्यावधि र कार्यक्रम : (१) आयोगको कार्यावधि ३ (तीन) वर्ष तोकिएको छ।

(२) आयोगको बैठक हप्तामा कम्तीमा २ (दुई) पटक बस्नेछ।

(३) आयोगलाई सुम्पिएको कामलाई निम्नलिखित समयावधिभित्र सम्पादन गर्ने प्रयास गर्नु पर्नेछः–

(क) माथि खण्ड (ख) मा उल्लेखित नम्बर २ देखि नम्बर ६ सम्मको काम– १ वर्षभित्र

(ख) बाँकी अरू काम– आयोगको कार्यावधिभित्र

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४८६

मुद्रण विभाग, सिंहदरबार

842

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।